मितिः २०८२/०७/२४ 　　　　　　　　　　　　　　　　　　　　　　　कार्यपालिका बैठक संख्याः- ४

आज मिति २०८२ कार्तिक २४ गते सोमबारको दिन नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायको प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

**उपस्थितिः-**

| क.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङ्बो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडाध्यक्ष- १ नं. वडा | |
| ४ | डाबु ग्याल्बो थोक्रा | वडाध्यक्ष- २ नं. वडा | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडाध्यक्ष- ३ नं. वडा | |
| ६ | ज्ञानी वाईवा | वडाध्यक्ष- ४ नं. वडा | |
| ७ | श्याम बहादुर थिङ | वडाध्यक्ष- ५ नं. वडा | |
| ८ | यो नुर्पु तामाङ | वडाध्यक्ष- ६ नं. वडा | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङ्नी | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङ्नी | कार्यपालिका सदस्य | |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुर्य बहादुर तामाङ | सचिव | |

मितिः २०८२/०७/२४ कार्यपालिका बैठक संख्या:- ४

प्रस्तावहरु:-

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. गाउँ सभाको विशेष अधिवेशन सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

निर्णयहरु:-

१. यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन भएको भन्ने समिक्षा गरियो ।

२. आ.ब. २०८२/०८३ मा स्वीकृत कार्यक्रमहरुको संशोधन तथा बजेट थपघटको लागि मिति २०८२/०८/०५ गते गाउँसभाको विशेष अधिवेशन आँह्वान गर्ने निर्णय गरियो ।

३. स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखा, पुल्चोक ललितपुरको प.सं. २०८२/०८३, च.नं. झोपु/१५२ मिति २०८२/०६/२७ को पत्रानुसार झोलुङ्गे पुल माग भई आएकोले सो सम्बन्धमा यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका झोलुङ्गे पुल आवश्यकता रहेकोले झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो ।

   १. तेङ्गीसाङ खोला झोलुङ्गे पुल निर्माण नौकुण्ड १
   २. दोक्लाङ घट्टेखोला झोलुङ्गे पुल निर्माण नौकुण्ड २
   ३. दनुश्वारा नौकुण्ड ४ बाट सानुभोर्ले सुर्यगढी १ झोलुङ्गे पुल निर्माण
   ४. माङ्से खोला झोलुङ्गे पुल निर्माण नौकुण्ड ६

४. प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP), सिंहदरबार, काठमाडौंको प.सं. २०८२/०८३, च.नं. ५९ मिति २०८२/०६/०५ को पत्रानुसार स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ बमोजिम नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०८२/०५/१९ को निर्णयानुसार यस नौकुण्ड गाउँपालिकाको छैटौं तहमा कार्यरत सूचना प्रविधि अधिकृत श्री खडक चौधरीलाई मिति २०८२/०७/०१ गते देखि लागु हुने गरी सूचना प्रविधि अधिकृत सातौं तह कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. यस गाउँपालिकामा भएको निर्णयहरुको सुनुवाई गर्नको लागि वडा नं. ४ वडाध्यक्ष श्री ज्ञानी वाईवालाई गाउँपालिकाको प्रवक्ता नियुक्ति गर्ने निर्णय गरियो ।

६. प्रदेश सुशासन केन्द्र, जावलाखेल, ललितपुरको प.सं. २०८२/०८३, च.नं. १९४ मिति २०८२/०७/२० को पत्रानुसार वडाध्यक्ष तथा सदस्यहरुको क्षमता विकास तालिम कार्यक्रमको आवश्यक तालिमका क्षेत्र तथा विषयहरु माग भई आएकोले सो सम्बन्धमा "वडाध्यक्ष तथा सदस्यहरुको कानून तर्जुमा र कानुनी ज्ञान तथा क्षमता विकास कार्यक्रम" सञ्चालनको लागि माग गर्ने निर्णय गरियो ।

७. नौकुण्ड गाउँपालिका छात्रवृत्ति प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८२ संशोधन गरी BCSIT (Bachelor of Computer System and Internet Technology) लाई समेत योग्य विषय/संकायमा समावेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

मितिः २०८२/०७/२४ कार्यपालिका बैठक संख्याः- ४

८. यस गाउँपालिका भित्रका केहि जनप्रतिनिधिहरु वैदेशिक रोजगारीमा गएका र कार्यपालिका बैठक तथा अन्य बैठकहरुमा पटक पटक अनुपस्थित रहेकोले निजहरुको सेवा सुविधा वापतको रकम भुक्तानी गर्ने वा नगर्ने सम्बन्धमा "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" मा स्पष्ट व्यवस्था नरहेकोले सो सम्बन्धमा के-कसो गर्न सकिन्छ भनि मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौंडासँग राय माग गर्ने निर्णय गरियो ।

९. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७६, को दफा २ बमोजिम सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले इजाजतपत्र प्रदान गर्न सकिने व्यवस्था रहेकोले अनुसूची ५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता भएको भनि मिति २०८२/०७/२४ को जाँचबुझ गर्न गठन गरिएको समितिको प्रतिवेदन अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायीको नाम | आधिकारिक व्यक्तिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | सूर्य नौकुण्ड निर्माण तथा सप्लायर्स प्रा.लि. | गणेश मान लामा | नौकुण्ड २ | |
| २. | छोक मेन्दो लामु निर्माण तथा सप्लायर्स प्रा.लि. | गोसाइ बहादुर नेकोर | नौकुण्ड २ | |

१०. यस गाउँपालिकाको आ.व. २०८२/०८३ मा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत मेडपा कार्यक्रम वडा नं. ३ मा सञ्चालन गर्ने निर्णय गरियो ।

११. नौकुण्ड गाउँपालिको स्थानीय विपद व्यवस्थापन समितिबाट हालसम्म भएको निर्णयहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

१२. नौकुण्ड गाउँपालिका भित्र सञ्चालन हुने गरी निर्माणाधिन तपसिल बमोजिमका जलविद्युत आयोजनाहरुमा योग्यता पुगेका प्रभावित नौकुण्डवासीहरुको लागि रोजगारी प्रत्याभूतिको लागि माग गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | रोजगारी माग संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १. | बेत्रावती हाईड्रोइलेक्ट्रिक कम्पनि लिमिटेड (फलाखु खोला १४.७ मेगावाट जलविद्युत आयोजना)<br>काठमाडौं-३ महाराजगंज काठमाडौं | १२(बान्ह) | |
| २. | रसुवा हाईड्रोपावर लिमिटेड (फलाखु खोला ७.२९ मेगावाट जलविद्युत आयोजना)<br>काठमाडौं-२६, रानीबारी काठमाडौं | ८(आठ) | |
| | जम्मा | २०(बीस) | |